“सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक”

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

सहकारिता SAHAKARITA
द्वैमासिक

वर्ष ८ अंक २३ , मंसिर-पुस, २०७७ www.ncbl.coop November 16-December 13

# सहकारी बैंकको उच्च व्यवस्थापनमा बिमली र श्रेष्ठ नियुक्त

ललितपुर, १३ पौष

राष्ट्रिय सहकारी बैंक लिमिटेडले नायव महाप्रबन्धकमा सि.ए. किशोर प्रसाद बिमली र सहायक महाप्रबन्धकमा राजेश श्रेष्ठलाई नियुक्त गरेको छ । बैंकको केन्द्रीय कार्यालयमा आयोजित छुट्टाछुट्टै कार्यक्रमका विच बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रि कुमार गुरागाईले नवनियुक्त नायव महाप्रबन्धक किशोर प्रसाद बिमली र सहायक महाप्रबन्धकमा राजेश श्रेष्ठलाई स्वागत गर्नुभएको थियो । स्वागत कार्यक्रममा बैंकका विभागीय प्रमुखहरु सहित केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

पेशाले सि.ए. रहनु भएका बिमली मोरंगका स्थायी निवासी हुनुहुन्छ। नवनियुक्त नायव महाप्रबन्धक किशोर प्रसाद बिमलीमा विभिन्न बैंक वित्तीय संस्थामा लेखा परिक्षण, वित्तीय विश्लेषण, जोखिम व्यवस्थापन सहित इक्रा नेपाल लिमिटेडमा रेटिङ डिभिजन प्रमुख भइ कार्य गरेको अनुभव रहेको छ। सहायक महाप्रबन्धक राजेश श्रेष्ठ काठमाण्डौको स्थायी निवासी हुनुहुन्छ । उहाँको विभिन्न बैंक वित्तीय क्षेत्रमा २४ बर्ष भन्दा लामो कार्य अनुभव रहेको छ भने सहकारी क्षेत्रमा पनि उहाँको १० बर्ष भन्दा लामो अनुभव रहेको छ । स्वागत कार्यक्रममा बोल्दै नवनियुक्त नायव महाप्रबन्धक बिमलीले राष्ट्रिय सहकारी बैंक लिमिटेडको माध्यमवाट सहकारी क्षेत्रमा आफुले हासिल गरेको अनुभवलाई कार्यान्वयनमा ल्याउने र सहायक महाप्रबन्धक श्रेष्ठले नेपालको बाणिज्य बैंकहरुमा कार्य गरी प्राप्त गरेको अनुभवलाई सहकारी बैंक लिमिटेडको माध्यमवाट सहकारी क्षेत्रमा कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

# विभिन्न जिल्लाहरुमा बैंकको थप २४ शाखा सञ्चालनमा

ललितपुर, १ कार्त्तिक



राष्ट्रिय सहकारी बैंक लिमिटेडले विभिन्न जिल्लाहरुमा गरेर थप २४ वटा शाखा कार्यालयहरु संचालनमा ल्याएको छ । यस अघि बैंकले ४४ वटा शाखा मार्फत आफ्ना सदस्य सहकारीहरुलाई सेवा प्रदान गर्दै आएकोमा गत असारमा थप २४ वटा शाखा सञ्चालनका लागि नेपाल राष्ट्र बैंकले अनुमति दिएको थियो । विभिन्न क्षेत्रहरुमा रहेका सहकारी संघ संस्थाहरुले आफ्नो आफ्नो ठाउमा कारोवारको लागी सहकारी बैंकको आवश्यकता महसुस गरी बैंकको माग गरे पछि बैंकले यसको परिपूर्ति गर्ने गरी राष्ट्र बैंकसंग स्वीकृत लिएर ती ठाउँहरुमा शाखा संचालन गरेको हो । हरेक ठाउमा रहेको सहकारी संघ संस्थाहरुलाई सहकारी बैंकको बैंकिंग सेवा प्रदान गर्ने उद्देश्यले बैंकले फरक फरक २४ ठाँउहरुमा आफ्नो शाखा सञ्चालनमा ल्याएको हो । नेपाल राष्ट्र बैंकले थप शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको हो ।

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**
माधवलाल देवकोटा

**सदस्यहरू**
राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नविन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बिबेक खड्का

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फ्याक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

## सम्पादकीय

### सहकारी क्षेत्रले पुँजिसंगै जनशक्ति परिचालनमा ध्यान दिउँ

राष्ट्रिय योजना आयोगले १५ औं पञ्चवर्षीय योजनामा सरकारले अगाडि बढाएको समृद्ध नेपाल : सुखी नेपाली अभियानलाई सफल पार्नका लागि सहकारी क्षेत्रको भूमिकालाई महत्व दिएको छ । योजनामा विपन्न समुदायका मानिसहरुको आर्थिक अवस्थामा सुधार ल्याई बचत गर्न सक्ने बनाउन, स्थानीय स्रोत साधन, श्रम, दक्षता र पूँजिलाई अधिकतम परिचालन गर्न, उद्यमशिलतामार्फत स्वरोजगारी वृद्धि गर्न सहकारीको भूमिका प्रभावकारी हुने उल्लेख गरिएको छ । गरिवी निवारणका लागि सहकारी महत्वपूर्ण माध्यम हो भन्ने कुरा संविधानमै व्यवस्था छ। समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि सहकारीको भूमिका जसरी अपेक्षा गरिएको छ । समृद्ध नेपाल : सुखी नेपाली बनाउने नेपाल सरकारको अभियान सफल पार्नका लागि विपन्न वर्गका जनताको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउन आवश्यक छ । अति दुर्गमदेखि दुर्गम र सुगम क्षेत्रमा समेत गरिवी व्याप्त छ । गरिवी निवारणका लागि खाना दिएर होइन, रोजगार दिएर मात्रै संभव छ र त्यसका लागि स्थानीय स्रोतहरुको अधिकतम परिचालन आवश्यक छ । रोजगारी सिर्जना गर्नका लागि उद्योग कलकारखाना स्थापना गर्न पर्छ, हाम्रो भौगोलिक अवस्था लगायत धेरै कारणले देशभर उद्योग कलकारखाना स्थापना गर्न सक्ने अवस्था छैन । नेपाल स्रोतले पूर्ण देश हो । यहाँ भएका स्रोतको पहिचान, उत्पादन, प्रशोधन, बजारीकरणमा प्रभावकारिता ल्याउन सकिएको छैन । अर्थतन्त्रका तीन खम्बाबीचको सहकार्यमा स्थानीय स्रोतको अधिकतम परिचालन आवश्यक छ । स्थानीय स्रोतको परिचालनका लागि सहकारी क्षेत्र अत्यन्तै उपयुक्त रहेको छ। सहकारीमा भएको श्रम, सिप र पूँजिलाई अधिकतम परिचालन गर्ने, त्यसमा राज्यका तर्फबाट सहजीकरण गरेर अगाडि बढ्ने हो भने स्वरोजगारी सिर्जनामा वृद्धि हुन्छ । सहकारी क्षेत्रले आफ्ना सदस्यसंग निष्क्रिय रुपमा रहेको पुँजिलाई संकलन गरी परिचालन गर्दै आएको छ। निष्क्रिय पूँजिलाई जस्तै निष्क्रिय जनशक्तिलाई परिचालन गर्न सकियो भने गरिवी निवारणमा महत्वपूर्ण योगदान पुग्न सक्छ। त्यसैले सहकारीलाई निष्क्रिय जनशक्ति परिचालन गरी स्वरोजगारी सिर्जनातर्फ अग्रसर बनाउन राज्यको नीति नियममा सुधार गर्दै सहकार्य आवश्यक छ । स्वरोजगारी सिर्जनाका लागि स्थानीय सरकारको भूमिका प्रभावकारी हुने भएकाले सहकारी र स्थानीय सरकारबीच सहकार्य गर्ने वातावरण सिर्जना गरेर सहकारीमार्फत गरिवी निवारणमा योगदान गर्न सकिन्छ। सहकारी क्षेत्रले पनि पूँजि परिचालन जस्तै जनशक्ति परिचालनमा ध्यान दिन आवश्यक छ ।

## सदस्य परिचय

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

### १. परिचय

प्रदेश नं.१ मातहतको इलाम जिल्ला सदरमुकाम इलाम नगरपालिका वडा नं. ७, इलामका स्थानियहरुको साझा बन्धन भित्र सदस्यको आयबाट थोरै भएपनि नियमित रुपले बचत जम्मा गर्ने बानीको विकास तथा समुदायवीच स्वावलम्बन र पारस्परिकता अभ्यासलाई संस्थागत विकास गरी आर्थिक रुपमा सवल बनाउने उद्देश्यका साथ साप नेपाल SAP Nepal को दिर्घकालिन साझेदारी कार्यकम अनर्तगत बचत कार्यक्रमलाई अगाडी बढाउने उद्देश्यले तत्कालिन सुनगाभा क्लबका कोषाध्यक्षलाई प्रशिक्षण, तत्पश्चातको प्रतिवेदन अनुसार बचत कार्यकम संचालन गर्ने निर्णय र तत्कालिनः सुनगाभा क्लबका अध्यक्षको अध्यक्षतामा २०४२ भाद्र ३ गते संस्थाका पदाधिकारीहरुको बैठकले बचत तथा ऋण सहकारीको गठन गर्ने निर्णय गर्दै समितिलाई सहकारी संस्था गठन गर्न आवश्यक कार्य गर्न अधिकार दिइएकोमा उक्त समितिले आवश्यक तयारी पुरा गरेर सहकारी ऐन २०४८ अनुसार २०५२ भाद्र १६ गते प्रारम्भिक भेला सम्पन्न गरी दिनेश काफ्लेको संयोजकत्वमा तदर्थ समिति गठन गरी दर्ता प्रकृयाको आवश्यक तयारी पुरा भएपछि तत्कालिन जिल्ला सहकारी कार्यालयमा २०५२ पुस १८ गते विधिवत दर्ता (दर्ता नं.३०/०५२/०५३, स्थायी लेखा नं.३०३८३६९२२) भएदेखि सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलामले आफ्नो कार्य प्रारम्भ गरेकोमा विभिन्न आरोह अवरोह पार गर्दै आजको दिनसम्म आईपुग्दा संस्था सदस्यहरुको चाहना अनुसारको सेवा दिन सक्षम भएको छ ।



### २.दुरदृष्टि

समुदायमा आधारित दिगो, भरपर्दो, सक्षम तथा सदस्यहरुको सम्पुर्ण बित्तिय आवश्यकता पुरा गर्ने उत्कृष्ट सहकारी संस्था ।

### ३.घ्येय

सक्षम,सवल र सिद्धान्त अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक तथा सुशासनयुक्त, प्रबिधीमैत्री र प्रतिस्पर्धी बित्तीय सहकारी संस्था ।

### ४. लक्ष्य

- आगामी चार बर्षको अन्तमा सेवा तथा सदस्यहरुको बृद्धिगरि सक्षम र सबल संस्था बनाउने ।
- निती,बिधी र प्रबिधीहरुलाई समयानुकुल परिमार्जन र परिस्कृत गर्ने गराउने ।
- सदस्य तथा संस्थाको हितमा रही अन्य बितिय क्षेत्रहरुसंग समन्वय र सहकार्य गर्ने ।
- सदस्यहरुको हितकारी कार्यको लागि समनता र समता अनुरुप राहत तथा आय आर्जनका कार्यहरु संचालन गराउने

## ५.उद्देश्य

सदस्यहरुको समाजिक आर्थिक र सांस्कृतिक हितलाई ध्यानमा राखि देहायमा उल्लेख भए बमोजिमका काम कार्यवाही गर्ने संस्थाको उद्देश्य रहनेछ ।

- नियमित रुपमा सदस्यहरुबाट निक्षेप प्राप्त गर्नुका साथै उनीहरुले गरेका निक्षेपमा प्रतिस्पर्धात्मक दरमा व्याज दिने,
- उत्पादनशील, आयमुलक,सीपमुलक उद्देश्यका लागि सदस्यहरुलाई उचित ब्याज दरमा ऋण प्रदान गर्ने,
- आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धि धारणाबारे सदस्यहरुलाई उत्प्रेरित गर्ने,
- सदस्यहरुलाई आय आर्जन क्षमतामा बृद्धि गर्नका लागि आवश्यक मद्दत र जानकारी उपलब्ध गराउने,
- सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्नसक्ने किसिमका अन्य क्रियाकलाप संचालन गर्ने,
- साधारण जनताका आर्थिक अवस्थाको विकास र प्रवर्द्धनमा समर्पित राष्ट्रिय तथा अन्तराष्ट्रिय संगठनहरुको दाँजोमा पुग्ने उद्देश्य लिई गठित केन्द्रीय संघको सदस्यता ग्रहण गर्ने,
- दर्तावाला संघ संस्थाहरुबाट पारस्परिक सहमतिका आधारमा संस्था र सदस्यका हितमा प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने,
- आफनो उद्देश्य पुरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय,राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसंग सहयोगात्मक भावना राख्ने,
- सदस्यहरुको संबृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियमहरु र विनियममा व्यवस्था भए बमोजिम दैनिक कार्य सन्चालनका साथै चल अचल सम्पति आर्जन गर्ने, ऋय विऋय गर्ने, विनिमय गर्ने, हस्तान्तरण गर्ने चन्दा दिने धरौटी राख्ने, बन्धक राख्ने आदि कार्य गर्ने,
- सदस्यहरु तथा संस्थागत विकासका लागि आय आर्जन परियोजना सन्चालन गर्ने,
- समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समुहको आर्थिक सामाजिक उत्थानमा सहयोग पुर्याउने,
- अन्य संघ संस्थाबाट ऋण लिने र दिने ।

## ६. संस्थाका सेवाहरु

- बचत तथा ऋण कारोबार
- रेमिट्यान्स सेवा
- डिसहोम, ADSL लगायतका रिचार्ज सेवाहरु
- विद्युत महशुल भुक्तानी सेवा

## ७.आवद्धता

- बचत तथा ऋण सहकारी संघ लि.
- आन्तरिक राजश्व कार्यालय
- इलाम नगरपालिका
- जिल्ला सहकारी संघ लि.
- नेफस्कुन
- राष्ट्रिय सहकारी बैंक

### क. संस्थागत क्षमता विकास

- बचत तथा ऋण परिचालन र सहकारी व्यवस्थापनको लागि दक्ष जनशक्ति तयार गरिनेछ ।
- सदस्यहरुलाई निरन्तर सहकारी शिक्षा तथा तालिम कार्यक्रम संचालन गरिनेछ ।
- सरोकारवालाहरुसंग सहकार्य र समन्वय गरिनेछ ।
- आवश्यक्ता अनुसार अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

### ख. उध्यमशिलता विकास कार्यक्रम

सदस्यहरुको माग वमोजिम उध्यमशिलता विकास तालिमहरुको आयोजना वा सम्बन्धित निकायसँग सहकार्य गरि तालिममा सहभागिता गराई उनीहरुलाई स्वरोजगार उध्यमी बनाइनेछ ।

### ग. सम्पर्क र समन्वय

तिनै तहका सरकार, साझेदार संघ संस्थाहरु एवं अन्य गैरसरकारी तथा निजि फर्महरुसँग सम्बन्ध विस्तार गरी निरन्तर रुपमा सदस्यहरुको आर्थिक सामाजिक साँस्कृतिक विकासका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

### घ. बजार योजना

आगामी चार वर्षमा यस संस्थाले हालको २१९ जना शेयर सदस्यबाट वृद्धिगरी विपन्न दलित, जनजाति, एकल, उध्यमी,दैनिक ज्यालादारी, किसान, अपाङ्ग, युवा महिलाहरु र व्यापारीहरु समेतलाई सदस्यता दिँदै २००० सदस्य पुर्याईनेछ । संस्थाले प्रदान गर्ने सेवाहरुकोबारेमा स्थानिय स्तरमा सहकारी शिक्षा शिबिर र अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

### ङ.संस्थागत योजना

यस संस्थाको रणनीतिक तथा व्यवसायिक योजना बमोजिम आगामी दिनहरुमा कारोवारमा बृद्धि, ऋण सम्पत्तिको गुणस्तरता, संस्थागत सेवाहरुमा विविधिकरण, संस्थागत प्रभावकारिता, संस्थागत क्षमता विकास, उध्यमशिलता विकास कार्यक्रम, सम्पर्क र समन्वय लगायतका क्रियाकलापहरुलाई तदारुकताका साथ कार्यान्वयनमा जोड दिइनेछ ।



# बैंकको एक दिवसीय कर सम्बन्धी गण्डकी प्रदेश स्तरीय अन्तरक्रिया

दमौली, मंसिर ४

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजना र आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशको प्राविधिक सहयोगमा सहकारीमा कर सम्बन्धी गण्डकी प्रदेश स्तरीय एक दिने अन्तरक्रिया कार्यक्रम मंसिर ४ गते बिहीवार सम्पन्न भएको छ । सहकारीमा कर सम्बन्धी व्यवस्था र कर भुक्तानका प्राविधिक पक्षमा जानकारी दिई सहकारी संस्था सञ्चालनमा सहजता प्रदान गर्ने उदेश्यले कार्यक्रमको आयोजना गरिएको थियो । कोरोना संक्रमणका कारण उत्पन्न असहज परिस्थितिमा बैंकले सहकारी व्यवस्थापन, लेखा तथा कर लगायतका विषयमा नियमित रुपमा सहजीकरण गर्दै आएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिनुभएको थियो । उहाँले सहकारी व्यवसायलाई थप प्रभावकारी र व्यवस्थित गराउनका लागि कार्यक्रम



सहयोगी हुने धारणा राख्नु भएको थियो । कार्यक्रममा सहकारीका सम्बन्धमा विद्यमान करका व्यवस्थाहरु विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशका सचिव चन्द्रकला पौडेलले सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश सहकारी विभागका रजिष्ट्रार प्रेम प्रसाद ढकालले कोरोना संक्रमणका कारण उत्पन्न असहज परिस्थितिमा पनि सहकारी बैंकले सहकारीको प्रवर्द्धनका क्षेत्रमा नियमित समन्वयकारी भूमिका निर्वाह गरेको बताउनुभएको थियो । उहाँले बैंक र विभागबीच सहकार्य गरेर सहकारीकर्मीहरुको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गर्न विभाग सदैव तयार रहेको धारणा राख्नुभएको थियो । कार्यक्रममा आन्तरिक राजस्व कार्यालय तनहुँका कम्प्युटर अधिकृत रामप्रसाद पोखरेलले कर भुक्तान र दाखिला सम्बन्धमा सहजीकरण गर्नु भएको थियो ।

कार्यक्रमका सहजकर्ता तथा सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्दै बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जिसीले सहकारी संस्था सञ्चालनका क्रममा आउन सक्ने कर सम्बन्धी समस्या समाधानका लागि कार्यक्रम उपयोगी हुने धारणा राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन बैंकको दमौली शाखाका प्रमुख उपेन्द्र दाहालले गर्नु भएको थियो ।

# सहकारी क्षेत्रमा साइबर सुरक्षाको अवस्था र आवश्यकता

**- सुचना प्रविधि, संचार तथा प्रकाशन विभाग**

नेपालमा सहकारी अभियानको सुरुवात भएको सात दशक बितिसकेको छ। यस अभियानले नेपालको हरेक ठाउमा बसोबास गर्ने मानिसहरुको आर्थिक लगायत अन्य पक्षहरुमा सबलता ल्याएको छ। यसले नेपालको ग्रामीण भूभागहरुमा आफ्नो पहुच पुर्याएर नेपालीहरुको जीवनस्तर सुधारमा सहयोग गरेको छ । नेपाल सरकारको संबिधानले नै सहकारी क्षेत्रलाई समग्र अर्थतन्त्र कै तेस्रो खम्बाको रूपमा स्थापित गरेको छ। सहकारी विभागको अनुसार नेपाल अधिराज्य भरीमा ३५ हजार भन्दा बढ़ी सहकारीहरु दर्ता भई सञ्चालनमा रहेका छन। यी सहकारीहरुले ६० हजार भन्दा बढ़ी व्यक्तिहरुलाई प्रत्यक्ष रोजगारीमा सामेल गराएको छ भने ५० लाख भन्दा बढ़ी मानिसहरुले सहकारी संस्थाहरुबाट सेवा उपभोग गरिरहेका छन । नेपालमा सहकारीहरुको माध्यमबाट देशको पर्यटन क्षेत्र विकास, विभिन्न पूर्वाधारहरुको निर्माण, निरपेक्ष गरीबी उन्मूलन ,अशिक्षा, र बेरोजगारीको अन्त्य, कृषि उत्पादनमा वृद्धी गर्ने लक्ष्य नेपाल सरकारले लिएको छ।

सहकारी क्षेत्रमा अहिलेसम्म खासै ठुलो प्रविधिको विकास भएको छैन तापनी आजको समय सम्म आईपुग्दा सम्म सहकारी क्षेत्रमा विभिन्न परिवर्तनहरु देखिएको छ। आजको बिज्ञानको युगमा सहकारी क्षेत्रमा पनि प्रविधिको प्रभाव दिन प्रतिदिन बढ्दै गईरहेको छ। राष्ट्रको सबै स्थानीय तहहरुमा बैंकिङ सेवा पुग्दै गरेको अवस्था भएकोले सहकारी क्षेत्रमा भन्दा वित्तीय क्षेत्रमा भन्दा पनि सहकारी क्षेत्रमा टेक्नोलोजीको आवश्यकता एकदम धेरै छ। सहकारी क्षेत्रमा बढ्दै गएको सूचना प्रविधिको प्रयोगले सहकारी संघ तथा संस्थाहरुको आर्थिक तथा गैरआर्थिक दुबै कारोवारहरु सञ्चालनमा टेवा पुगेको छ । यसले सहकारी सञ्चालनमा लाग्ने समय खर्चलाई समेत कम गरेको छ। आज भोली सहकारी क्षेत्रहरु इन्टरनेट, वालेट, एटीएम, वेबसाइट, सामजिक संजाल, मोबाइल बैंकिङ, ट्याबलेट बैंकिङ, एकाउन्ट नोटिफिकेसन, ब्रान्चलेस बैंकिङ, युटिलिटी पेमेन्ट, क्यूआर कोड आदि जस्ता प्रविधिहरुलाई आत्मसाथ गर्दै अघि बढ़ीरहेको अवस्था छ।

डिजिटलाइजेशन शब्द वर्तमान समयमा कुनै नौलो कुरा होइन । यो समय नै सुचना र प्रविधिको समय भएको कारणले डिजिटलाइजेशन शब्द हरेक क्षेत्रमा जस्तै सहकारी क्षेत्रमा पनी अभिन्न अंग बनेको छ । सामान्य भाषामा भन्नुपर्दा परम्परागत शैलीको कागजपत्र प्रयोग गरी गरिने कार्यहरुलाई कागज़पत्रको सट्टामा कम्प्युटरको माध्यम प्रयोग गरी गरिने कार्य हो भनेर पनी बुझ्न सकिन्छ। बिशेष रूपमा भन्ने नै हो भने कुनै पनि वित्तीय क्षेत्रमा डिजिटलाइजेशनले वित्तीय क्षेत्रको लेखा प्रणालीलाई बुझाउँछ । यो प्रक्रिया भन्नालेः डिजिटलाइजेशनले सहकारी संस्थाको वित्तीय क्रियाकलाप र गतिविधिहरुलाई सहज र सरलका साथै सुरक्षित पनि बनाउन मद्दत गर्दछ। त्यसकारण सहकारी संस्थाहरुको विवरणहरु भएको परम्परागत शैलीमा प्रयोग गरिने गरेको कागजपत्र हराउने, च्यातिने, भनेको समयमा नभेटिने लगायतका समस्याहरु समाधानको मुख्य कारक तत्व नै डिजिटलाइजेशन बनेको छ । आजको दिनमा सहकारी संस्थाहरुमा डिजिटलाइजेशनले ठुलो महत्वपूर्ण भूमिका खेलेको छ।

नेपाली सहकारीहरुले नीतिगत रूपमा डिजिटल प्लाटफर्म पाए पनि यसको प्रयोग कसरी गर्ने भन्ने सम्बन्धमा ज्ञानको कमी छ। सहकारी क्षेत्रमा प्रविधि सम्बन्धी दक्ष कर्मचारी नहुँदा सहकारीहरुले प्रविधिको प्रयोग गर्न सकिरहेका छैनन्। यस क्षेत्रमा सूचना प्रविधि सम्बन्धी ज्ञान भएका संस्थाहरु कमनै रहेका छन साथै अधिकांश डिजिटल प्रविधि सम्बन्धी जानकारी नभएका प्रयोगर्ताहरु पनी रहेका छन। सहकारी संस्थाहरुको तुलनामा बैंकहरुमा बढी सुविधा देखेपछि मानिसहरुको आकर्षण वाणिज्य बैंकतिर जान सक्छ। यसकारणले सहकारी संस्थाहरुले आफ्नो सदस्यहरुलाई पनि गुमाउनुपर्ने अवस्था आउन सक्छ।

यसरी सहकारी क्षेत्रहरुमा दिन प्रतिदिन प्रविधिको प्रयोग बढ्दै गएको अवस्थामा जोखिम पनी बढ़दै गएको छ। यसरी यी कुराहरुमा सहकारी संस्थाहरुले ध्यान नदिएको खण्डमा यसले ठुलो जोखिम निम्त्याऊन सक्छ। यस प्रकारको सुरक्षालाई साइबर सुरक्षा भनिन्छ। यस्ता जोखिमहरुलाई सहकारी संस्थाहरुले खासै ध्यान दिने गरेको देखिदैन ।

नेपालमा सञ्चालनमा रहेका प्राय सहकारीहरुलाई त यसको जोखिम बारे जानकारी नै हुदैन तथा कतिपय सहकारीहरुलाई यी जोखिम बारे जानकारी भएता पनी यसको निराकरण तर्फ उन्मुख नभई हेरौ न के होला र ? भन्ने अवस्थामा रहेका छन । तर यसले भबिस्यमा ठुलो समस्या ल्याउन सक्छ । सहकारी संस्थाहरुको यो विषयमा यस प्रकारको बेवास्ताले गर्दा संस्थाको कारोवारमा मात्र प्रभाव नभई संस्थाको प्रतिष्ठामा समेत आच आउन सक्ने संभावना बढ़ी रहन्छ । यसले गर्दा प्रविधिलाई अंगाल्ने सहकारीहरुको गतिविधिहरु धरासायी बन्दै गएको छ । त्यस कारण साईबर सुरक्षा सम्बन्धी कुराहरुलाई सहकारी संघ/संस्थाहरुले प्रविधिको प्रयोग गर्दा सचेत भई प्रयोग गर्नुपर्दछ जसले भबिस्यमा आउन सक्ने समस्याहरुबाट हुन सक्ने जोखिमहरु न्यूनीकरण गर्न सकिन्छ ।

बजारमा अन्य वित्तीय संस्थाहरुले आफूलाई प्रविधिमैत्री बनाउँदै लागिरहेको अवस्थामा सहकारी संस्थाहरुले पनि प्रविधिको प्रयोगमा जोड दिनुपर्ने देखिन्छ । नेपालमा भित्रिएका प्रविधिहरु, तिनिहरुलाई प्रयोगमा ल्याउने तरिका लगायतका विषयमा जनचेतना जगाउन सकियो भने मात्रै यसको प्रयोगतर्फ जनचासो बढ्न जान्छ । जतिसुकै नयाँ प्रविधिहरु भित्रिए पनि प्रयोग कर्ता नभएसम्म त्यसको  औचित्य रहँदैन । त्यसैले, प्रविधिको विकाससँगै सर्वसाधारणलाई यस विषयमा जानकार पनि गराउनुपर्छ । त्यससैले आफ्नो सदस्यहरुलाई स्थायित्व कायम गर्नको लागि पनि सहकारी क्षेत्रलाई डिजिटलमा लैजानु आवश्यक छ। साथै यसरी सहकारी क्षेत्रमा प्रयोग गरिने प्रविधिहरुबारेको जानकारी सबै सहकारीकर्मीहरुमा पनी हुनु नितान्त आवश्यक हुन्छ । यस क्षेत्रमा प्रयोग हुने प्रविधिको ज्ञान सहकारी क्षेत्रमा मात्र सिमित नगरी यसका सदस्यहरु माझ पनी पस्किनुपर्ने अवस्था देखिन्छ । दिन प्रति दिन सहकारी क्षेत्रको प्राविधिक पक्षहरुमा जोखिमहरु बढ्दै गएको छ ।

यसकारण सहकारी क्षेत्रमा प्रविधिको प्रयोग गर्दा सुरक्षित तरीकाले पूर्ण रूपमा अध्ययन अनुसन्धान तथा विश्लेषण गरी गर्नुपर्दछ । समय समयमा प्रविधिमा आउने परिवर्तनहरुलाई समेत आत्मसात गर्दै अघि बढ्नुपर्ने देखिन्छ ।

# सदस्य भेटघाट तथा सम्मान कार्यक्रम

झापा, पौष १५



राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय बिर्तामोडको आयोजनामा सदस्य भेटघाट तथा सम्मान कार्यक्रम पौष १५ गते सम्पन्न भएको छ। कार्यक्रमको सभाध्क्षको आसन ग्रहण राष्ट्रिय सहकारी बैंकका अध्यक्ष तथा नेडाकको उपाध्यक्ष के. बी. उप्रेतीले गर्नु भएको थियो । कार्यक्रममा बैंकको लेखा समिति संयोजक लक्ष्मी प्रसाद उप्रेती, बैंकका संचालक महेन्द्र गिरी, अमृता सुब्बा, बिजया धिताल सहित बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले आतिथ्यता ग्रहण गर्नुभएको थियो । कार्यक्रममा बैंकको बिर्तामोड शाखा कार्यालय अन्तर्गत कारोवार गर्ने सहकारी संघ संस्थाहरुको तर्फबाट ६० जना प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।
कार्यक्रममा बैंकको प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकले आफ्ना सदस्य सहकारी संघ संस्थाहरुलाई प्रदान गर्ने कर्जाहरुको प्रकार तथा प्रविधिको क्षेत्रमा बैंकले मारेको फड्को तथा बैंकको सम्पूर्ण वर्तमान स्थिति बारे प्रस्तुतीकरण दिनुभएको थियो । बैंकले सोही कार्यक्रममा बिर्तामोड शाखा अन्तर्गत उत्कृष्ट कारोवार गर्ने सिम्रिक बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सम्मान पनी गरेको सो कार्यक्रमको संचालन बिर्तामोड शाखा प्रमुख बिबेक डांगीले गर्नु भएको थियो ।

# सदस्य भेटघाट तथा सम्मान कार्यक्रम

इटहरी, पौष १४



राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय इटहरीको आयोजनामा सदस्य भेटघाट तथा सम्मान कार्यक्रम प्रष १४ गते सम्पन्न भएको छ । कार्यक्रमका सभाध्क्षको आसन ग्रहण राष्ट्रिय सहकारी बैंकका अध्यक्ष तथा नेडाकको उपाध्यक्ष के. बी. उप्रेतीले गर्नु भएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघ लेखा समिति सदस्य तथा शाखा कार्यालय इटहरी शाखा समन्वय उपसमिति संयोजक सोम बहादुर श्रेष्ठ, राष्ट्रिय सहकारी महासंघ संचालक सदस्य शिव कुमार डांगी, सुनसरी जिल्ला बहुउद्देशीय सहकारी संघ अध्यक्ष केदार प्रसाद न्यौपाने, बैंकको निवर्तमान अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघ उपाध्यक्ष रमेश प्रसाद पोखरेल, बैंकको लेखा समिति संयोजक लक्ष्मी प्रसाद उप्रेती, बैंकका संचालक महेन्द्र गिरी, अमृता सुब्बा, बिजया धिताल सहित बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले आतिथ्यता ग्रहण गर्नुभएको थियो ।

कार्यक्रममा बैंकको प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकको कर्जाको प्रकार तथा प्रविधिको क्षेत्रमा बैंकले मारेको फड्को तथा बैंकको सम्पूर्ण वर्तमान स्थिति बारे प्रस्तुतीकरण दिनुभएको थियो । सोही कार्यक्रममा इटहरी शाखा अन्तर्गत उत्कृष्ट कारोवार गर्ने श्री चतरा सामुदिक बहुउद्देशीय सहकारी संस्था लिमिटेड र नियमित कारोवार गर्ने अम्बे बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सम्मान पनी गरेको छ । बैंकको इटहरी शाखा कार्यालय अन्तर्गत कारोवार गर्ने सुनसरी जिल्ला भरीका सहकारी संघरसंस्थाहरुको अध्यक्ष र व्यवस्थापकहरु गरी जम्मा ७६ जना प्रतिनिधिहरुको उपस्थिति रहेको सो कार्यक्रमको संचालन बैंकको इटहरी शाखा प्रमुख चिरंजीवी तिम्सिनाले गर्नु भएको थियो ।

# झापामा सदस्य भेटघाट तथा सम्मान कार्यक्रम

झापा, पौष- १५

राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय दमक र उर्लाबारीको संयुक्त आयोजनामा सदस्य भेटघाट तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ, कार्यक्रम दमकको गोर्खा डिपार्टमेंट स्टोरको सभाहलमा सम्पन्न भएको हो । कार्यक्रमको अध्यक्षता राष्ट्रिय सहकारी बैंकका अध्यक्ष तथा नेडाकको उपाध्यक्ष के. बी. उप्रेतीले गर्नु भएको थियो । कार्यक्रममा नेफ्सकुन संचालक गोमा नेपाल, बैंकको लेखा समिति संयोजक लक्ष्मी प्रसाद उप्रेती, बैंकका संचालक महेन्द्र गिरी, अमृता सुब्बा, बिजया धिताल सहित बैंकका प्रमुख कार्यकारी अधिकृत



बद्रीकुमार गुरागाईले आतिथ्यता ग्रहण गर्नुभएको थियो । कार्यक्रममा दमक शाखा अन्तर्गत कारोवार गर्ने सहकारी संघ संस्थाहरुको तर्फबाट ७० जना प्रतिनिधिहरु र उर्लाबारी शाखा कार्यालय अन्तर्गत कारोवार गर्ने सहकारी संघ संस्थाहरुको तर्फबाट ४५ जना प्रतिनिधिहरु गरी जम्मा ११५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकको प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकको कर्जाको प्रकार तथा प्रविधिको क्षेत्रमा बैंकले मारेको फड्को तथा बैंकको सम्पूर्ण वर्तमान स्थिति बारे प्रस्तुतीकरण दिनुभएको थियो । सोही कार्यक्रममा बैंकको दमक शाखा अन्तर्गत कारोवार गर्ने उत्कृष्ट कारोबार बिधामा पुरस्कृत हुन सफल श्री सुर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमीत कारोबार तर्फ श्री हंशबाहीनी बचत तथा ऋण सहकारी संस्था लिमिटेड तथा उर्लाबारी शाखा अन्तर्गत कारोवार गर्ने उत्कृष्ट कारोबार बिधामा पुरस्कृत हुन सफल श्री हाम्रो बचत तथा ऋण सहकारी संस्था लिमिटेड र नियमीत कारोबार तर्फ श्री नारी संकल्प बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सम्मान पनी गरेको छ ।

# कमलविनायक, किर्तिपुर, कालीमाटी र जोरपाटी शाखा कार्यालयहरु संचालनमा

कुपन्डोल, २३ कात्तिक



राष्ट्रिय सहकारी बैंक लिमिटेडले काठमाडौ र भक्तपुरका विभिन्न स्थानमा एकै दिन थप ४ वटा शाखा कात्तिक २३ गते सञ्चालनमा ल्याएको छ । भक्तपुरको कमलविनायक तथा काठमाडौंको किर्तिपुर, कालीमाटी र जोरपाटीमा आइतवार एकै दिन शाखा शुभारम्भ गरिएको हो ।

बैंकका अध्यक्ष के.बी.उप्रेतीले छुट्टा छुट्टै समयमा चार वटा शाखाको उद्घाटन गर्नु भएको हो । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा सञ्चालनको प्रक्रिया थालनी गरेको थियो । काठमाडौं र भक्तपुरमा चार ठाउँमा एकै दिन चारवटा शाखा सञ्चालनमा ल्याएका छौ, अध्यक्ष उप्रेतीले भन्नुभयो-'लगत्तै थप २० वटा शाखा पनि सञ्चालनमा आउदैछन् ।' ४४ वटा शाखामार्फत सदस्यहरु लाई सेवा प्रवाह गर्दै आएको सहकारी बैंकले आगामी पुस मसान्त भित्र ६८ वटै शाखामार्फत सेवा सञ्चालन गर्ने भएको छ । शाखासंगै शाखारहित सेवाको समेत तयारी भैरहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो । सहकारी बैंकका सदस्य संस्थाहरु ७७ वटै जिल्लामा छन् । अब बैंकको शाखा र शाखारहित सेवा सबै जिल्ला, महानगरपालिका र उपमहानगरपालिका हुदै नगरपालिका र गाउँपालिकासम्म पुऱ्याउने योजनाका साथ अगाडि बढेको प्रमुख कार्यकारी अधिकृत गुरागाईले जानकारी दिनुभयो ।

# भुरीगाँउ र नेपालगञ्ज शाखा कार्यालयहरु संचालनमा

ललितपुर, २५ कात्तिक

राष्ट्रिय सहकारी बैंक लिमिटेडले लुम्बिनी प्रदेशमा २ वटा थप शाखा सञ्चालनमा ल्याएको छ । बर्दियाको भुरीगाउँ र बाँकेको नेपालगञ्जमा मंगलवार शाखा उद्घाटन गरिएको हो । बैंकका अध्यक्ष के.बी.उप्रेतीले छुट्टा छुट्टै समयमा २ वटा शाखाको उद्घाटन गर्नु भएको हो । सहकारीमार्फत आम समुदायको आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारी बैंक निरन्तर लागेको र यसका लागि सबै सहकारीहरुलाई सहकारी बैंकमार्फत नै कारोबार गर्न अध्यक्ष उप्रेतीले आव्हान गर्नु भयो । सहकारी बैंकले आफ्ना सदस्यहरुलाई सहज र प्रविधियुक्त सेवाका लागि सहयोग गर्दै आएको छ, अध्यक्ष उप्रेतीले भन्नुभयो, वित्तीय सेवासंगै सहकारीहरुको संस्थागत विकासका लागि बैंक सदैव सहयोगीका रुपमा रहेको छ। भुरीगाउँमा आयोजित उद्घाटन कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका सञ्चालक लक्ष्मीप्रसाद शर्मा, बैंकका सञ्चालक माधवलाल देवकोटा, लुम्बिनी प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुवेदी, जिल्ला सहकारी संघ बर्दियाका अध्यक्ष गोपाल पौडेल, जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्ष नवराज न्यौपाने, कृषि सहकारी संघका अध्यक्ष हरि अधिकारी लगायतले सबै सहकारीहरुले सहकारी बैंकसंग कारोरार गर्न आव्हान गर्नु भएको थियो । कार्यक्रम बैंकका सञ्चालक विजया धितालको अध्यक्षता, बैंकका तालिम विभाग अधिकृत नारायण वेलवासेको सञ्चालन र भुरीगाउँ शाखाका प्रमुख किरण खत्रीको स्वागतमा सम्पन्न भएको थियो । शाखा उद्घाटनकै दिन ८ करोड भन्दा बढी निक्षेप संकलन भएको शाखा प्रमुख खत्रीले जानकारी दिनुभयो ।



यस्तै नेपालगञ्ज शाखाको उद्घाटनका क्रममा खजुरा गाउँपालिकाका उपाध्यक्ष तथा राष्ट्रिय सहकारी विकास बोर्डका संचालक सदस्य एकमाया विक, नेपाल कृषि केन्द्रीय सहकारी संघका सञ्चालक देवबहादुर केसी, बहुउद्देश्यीय केन्द्रीय सहकारी संघका केन्द्रीय सदस्य भुपेन्द्रप्रसाद अधिकारी, लुम्बिनी प्रदेश सहकारी संघका अध्यक्ष प्रेम सुवेदी, वचत तथा ऋण सहकारी संघ बाँकेका अध्यक्ष प्रकाश ज्ञवाली, कृषि सहकारी संघका अध्यक्ष एकता शाह, बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष बल बहादुर खड्का लगायतको शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रम बैंकका सञ्चालक विजया धितालको अध्यक्षता, सञ्चालक माधवलाल देवकोटाको स्वागत र बैंकका तालिम विभागका अधिकृत नारायण बेलवासेको सञ्चालनमा सम्पन्न भएको थियो । नेपालगञ्ज शाखा उद्घाटनकै दिन १० करोड भन्दा बढी निक्षेप संकलन भएको शाखा प्रमुख सागरनाथ योगीले जानकारी दिनुभयो । ४४ वटा शाखामार्फत सदस्यहरु सहकारी संस्थाहरुलाई सेवा प्रवाह गर्दै आएको सहकारी बैंकले मंगलवारदेखि ५० वटा शाखा मार्फत सेवा दिन थालेको छ ।

नेपाल राष्ट्र बैंकले गत असारमा २४ वटा शाखा सञ्चालनका लागि अनुमति दिएको थियो । आगामी पुस मसान्त भित्र सबै शाखा सञ्चालनमा आउने र ६८ वटा शाखामार्फत सेवा सञ्चालन गरिने बैंकले जनाएको छ ।

# इमाडोल र सुर्यविनायक शाखा कार्यालयहरु संचालनमा

कुपन्डोल, २२ मङ्सिर



राष्ट्रिय सहकारी बैंक लिमिटेडले ललितपुरको इमाडोल र भक्तपुरको सुर्यविनायकमा एकै दिन थप २ वटा शाखा सञ्चालनमा ल्याएको छ। बैंकका अध्यक्ष के.बी.उप्रेतीले सुर्यबिनायक शाखाको र महालक्ष्मी नगरपालिकाको नगर प्रमुख रामेश्वर श्रेष्ठले इमाडोल शाखाको उद्घाटन गर्नु भएको हो। नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा सञ्चालनको प्रक्रिया थालनी गरेको थियो। ४४ वटा शाखामार्फत सदस्यहरुलाई सेवा प्रवाह गर्दै आएको सहकारी बैंकले आगामी पुस मसान्त भित्र ६८ वटै शाखामार्फत सेवा सञ्चालन गर्ने भएको छ। बैंकले शाखासंगै शाखारहित सेवाको समेत तयारी गरिरहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो। अब बैंकको शाखा र शाखारहित सेवा सबै जिल्ला, महानगरपालिका र उपमहानगरपालिका हुदै नगरपालिका र गाउँपालिकासम्म पुऱ्याउने योजनाका साथ अगाडि बढेको छ।

# तुलसीपुर शाखा कार्यालय संचालनमा

बागलुङ, ७ पुस

राष्ट्रिय सहकारी बैंक लिमिटेडको ५३ औं शाखा दाङको तुलसीपुरमा सञ्चालनमा आएको छ। शाखाको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले सोमबार उद्घाटन गर्नु भयो। शाखा उद्घाटन कार्यक्रममा बोल्दै पाण्डेलले सहकारी बैंकसंग समन्वय गरी काम गर्न उपमहानगरपालिका तयार रहेको बताउनुभयो। उहाले बैंकसंगको सहकार्यमा पालिकामा सहकारी प्रशिक्षण केन्द्र स्थापना गर्न, बैंकको शेयर खरिद गर्न, सहकारीलाई उत्पादनसंग जोडेर गरिबी निवारणमा योगदान गर्न सहकार्यका लागि आव्हान गर्नु भएको छ। सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी बैंकले आफ्ना सदस्यहरुलाई सहज र प्रविधियुक्त सेवाका लागि सहयोग गर्दै आएको भन्दै वित्तीय सेवासंगै सहकारीहरुको संस्थागत विकासका लागि बैंक सदैव सहयोगीका रुपमा रहेको बताउनुभयो। उद्घाटन कार्यक्रममा बैंकको अवस्था र आगामी योजनाका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गरागाईले जानकारी गराउनु भएको थियो। कार्यक्रम बैंकका सञ्चालक विजया धितालको अध्यक्षता, बैंकका तालिम विभाग अधिकृत नारायण वेलवासेको स्वागत र भुरीगाउँ शाखाका प्रमुख किरण खत्रीको



सञ्चालनमा सम्पन्न भएको थियो । शाखा उद्घाटनकै दिन ८ करोड भन्दा बढी निक्षेप संकलन भएको शाखा प्रमुख खत्रीले जानकारी दिनुभयो । कार्यक्रममा लुम्बिनी प्रदेश वचत तथा ऋण सहकारी संघका सचिव रुप बहादुर खत्री, जिल्ला सहकारी संघ दाङका अध्यक्ष गोविन्द प्रसाद शर्मा, बहुउद्देश्यीय सहकारी संघ दाङका अध्यक्ष शुक्रराज भण्डारी, जिल्ला सहकारी संघका संस्थापक अध्यक्ष भरत बुढाथोकी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । उहाँहरुले सबै सहकारीहरुलाई राष्ट्रिय सहकारी बैंक संग कारोबार गर्न आव्हान गर्नु भएको थियो । कार्यक्रम बैंकका सञ्चालक विजया धितालको अध्यक्षता, सञ्चालक माधवलाल देवकोटाको स्वागत र बैंकका तालिम विभागका अधिकृत नारायण बेलवासेको सञ्चालनमा सम्पन्न भएको थियो । ४४ वटा शाखामार्फत सदस्य संस्थाहरुलाई सेवा दिदै आएको सहकारी बैंकले नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि थप शाखा सञ्चालनको प्रक्रिया थालनी गरेको थियो ।

# भैरहवा शाखा कार्यालय संचालनमा

भैरहवा, पौष ७

राष्ट्रिय सहकारी बैंक लिमिटेडले भैरहवाको बुद्ध चोकमा ५४ औं शाखा सञ्चालनमा ल्याएको छ । शाखाको प्रदेश योजना आयोग उपाध्यक्ष डा. ईश्वर गौतमले पौष ७ गते उद्घाटन गर्नु भएको थियो । शाखाको उद्घाटन एक कार्यक्रमको बिच सम्पन्न भएको थियो ।




सहकारी बैंकले पुस मसान्तभित्र ६८ वटा शाखा मार्फत सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको छ । बैंकले विभिन्न ठाउहरुमा शाखा तथा शाखारहित सेवाको समेत तयारी भैरहेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले जानकारी दिनुभयो । सहकारी बैंकका सदस्य संस्थाहरु ७७ वटै जिल्लामा छन् । अब बैंकको शाखा र शाखारहित सेवा सबै जिल्ला, महानगरपालिका र उपमहानगरपालिका हुदै नगरपालिका र गाउँपालिकासम्म पुऱ्याउने योजनाका साथ अगाडि बढेको प्रमुख कार्यकारी अधिकृत गुरागाईले जानकारी दिनुभयो ।

# नारायणगोपाल चोक शाखा कार्यालय संचालनमा

काठमाण्डौ , पौष १०



राष्ट्रिय सहकारी बैंक लिमिटेडले महाराजगंजको नारायणगोपाल चोकमा पौष १० गते शाखा सञ्चालनमा ल्याएको छ । शाखा कार्यालयको बैंकका अध्यक्ष के.बी. उप्रेतीले उद्घाटन गर्नु भएको छ । उद्घाटन कार्यक्रममा बैंकका संचालक ज्ञान बहादुर तमांग र ध्रुव नारायण यादव लगायत बैंकको विभिन्न विभागका प्रमुखहरु, विभिन्न शाखा कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

साथै कार्यक्रममा विभिन्न सहकारीका सहकारीकर्मीहरुको पनी सहभागिता रहेको थियो । सहकारी बैंकले पुस मसान्तभित्र ६८ वटा शाखा मार्फत सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ। नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको छ। ४४ वटा शाखामार्फत सदस्य संस्थाहरुलाई सेवा दिदै आएको सहकारी बैंकले नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि थप शाखा सञ्चालनको प्रक्रिया थालनी गरेको थियो ।

# महेन्द्रनगर शाखा कार्यालय संचालनमा

महेन्द्रनगर , पौष १२



राष्ट्रिय सहकारी बैंक लिमिटेडले कंचनपुरको महेन्द्रनगरमा शाखा सञ्चालनमा ल्याएको छ । शाखाको राष्ट्रिय सहकारी महासंघ संचालक तथा सुदूरपश्चिम प्रदेश सभा सदस्य मा. तारालामा तमांगले उद्घाटन गर्नु भएको छ। उद्घाटन कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती लगायत बैंकका संचालक सरिता तिम्लिसिना, ध्रुव नारायण यादव, शिवा थापा, विजया धिताल लगायत विभिन्न सहकारीका सहकारीकर्मीहरुको पनी सहभागिता रहेको थियो । उद्घाटन कार्यक्रमको संचालन बैंकका संचालक शिवा थापाले गर्नुभएको थियो ।

सहकारी बैंकले पुस मसान्तभित्र ६८ वटा शाखा मार्फत सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको छ ।

# ईनरुवा शाखा कार्यालय संचालनमा

सुनसरी , पौष १४



राष्ट्रिय सहकारी बैंक लिमिटेडले सुनसरीको ईनरुवामा शाखा सञ्चालनमा ल्याएको छ । शाखाको प्रदेश नं. एक योजना आयोग अध्यक्ष सुबोध प्याकुरेलले पौष १४ गते उद्घाटन गर्नु भएको छ । उद्घाटन कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती लगायत बैंकका संचालक अमृता सुब्बा, प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाईं लगायत विभिन्न सहकारीका सहकारीकर्मीहरुको पनी सहभागिता रहेको थियो । उद्घाटन कार्यक्रमको संचालन बैंकको ईनरुवा शाखा प्रमुख प्रेम कुमार श्रेष्ठले गनुभएको थियो ।

सहकारी बैंकले पुस मसान्तभित्र ६८ वटा शाखा मार्फत सेवा सञ्चालन गर्ने लक्ष्य लिएको थियो । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको छ ।

# मेचीनगर शाखा कार्यालय संचालनमा

मेचीनगर , पौष १६




राष्ट्रिय सहकारी बैंक लिमिटेडले झापाको मेचीनगरमा शाखा सञ्चालनमा ल्याएको छ। शाखाको मेची नगरपालिका प्रमुख बिमल कुमार आचार्यले पौष १६ गते उद्घाटन गर्नु भएको छ । सहकारी बैंकले पुस मसान्तभित्र ६८ वटा शाखा मार्फत सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ। उद्घाटन कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती लगायत बैंकका लेखा समिति संयोजक लक्ष्मी प्रसाद उप्रेती, संचालक विजया धिताल, बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाइँ लगायत विभिन्न सहकारीका सहकारीकर्मीहरुको पनी सहभागिता रहेको थियो । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको छ ।

# सुन्दरहरैंचा शाखा कार्यालय संचालनमा

सुन्दरहरैंचा , पौष १७



राष्ट्रिय सहकारी बैंक लिमिटेडले मोरंगको सुन्दरहरैंचामा शाखा सञ्चालनमा ल्याएको छ। शाखाको सुन्दरहरैंचा नगरपालिका प्रमुख शिव प्रसाद ढकालले उद्घाटन गर्नु भएको छ । पौष १७ गतेको उद्घाटन कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती, संचालक अमृता सुब्बा, बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रिकुमार गुरागाइँ लगायत विभिन्न सहकारीका सहकारीकर्मीहरुको पनी सहभागिता रहेको थियो । सहकारी बैंकले पुस मसान्तभित्र ६८ वटा शाखा मार्फत सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ। नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको छ।

# तालचोक शाखा कार्यालय संचालनमा

कास्की, पौष २०



राष्ट्रिय सहकारी बैंक लिमिटेडले कास्की तालचोकमा नयाँ शाखा कार्यालय संचालनमा ल्याएको छ, आज एक कार्यक्रमका विच पोखरा महानगरपालिका नगर प्रमुख मान बहादुर जि.सीले शाखा कार्यालयको उदघाटन गर्नुभएको थियो, बैंकका अध्यक्ष के वी उप्रेतीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकका सेवा सम्बन्धमा प्रस्तुतिकरण प्रस्तुत गर्नु भएको थियो ।

शाखा कार्यालयको उद्घाटन पछी आफ्नो मन्तब्य राख्दै पोखरा महानगरपालिका नगर प्रमुख मान बहादुर जि.सीले तालचोकमा सहकारी बैंकको शाखा

कार्यालय मार्फत नगर क्षेत्रका सहकारीहरुलाई कारोवारमा सहजता हुने विश्वास आफुले लिएको बताउदै सहकारी मार्फत सम्बृद समाज निर्माण गर्नुपर्ने बताउनु भयो । बैंकका संचालक राम बहादुर जिसीको संचालन र तालचोक शाखा कार्यालयका शाखा प्रमुख सन्तोष घिमिरेको स्वागतमा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो ।

# बलम्बु, नयाँबजार र पुतलिसडक शाखा कार्यालयहरु संचालनमा

काठमाण्डौ , पौष २८



राष्ट्रिय सहकारी बैंक लिमिटेडले काठमाण्डौको बलम्बु, नयाँबाजार र पुतलिसडक गरी उपत्यका भित्र थप ३ नयाँ शाखा संचालनमा ल्याएको छ । बैंकको शाखा कार्यालय बलम्बुको उद्घाटन चन्द्रागिरी नगरपालिका नगरप्रमुख घनश्याम गिरीले गनुभएको थियो । शाखा कार्यालय नयाँबजार र शाखा कार्यालय पुतलिसडकको उद्घाटन फरक फरक समयमा बैंकको अध्यक्ष के वी उप्रेतीले गर्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा बैंकका संचालक ज्ञान बहादुर तामाङ, सरिता तिम्लिसिना, रामहरी बजगाईं, केदार मानन्धर लगायत बैंकको विभिन्न विभागिय प्रमुखहरु तथा सहकारीका सहकारीकर्मीहरुको पनी सहभागिता रहेको थियो ।

सहकारी बैंकले यही पुस मसान्त भित्र ६८ वटा शाखा मार्फत सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको छ ।

# कोटेश्वर शाखा कार्यालय संचालनमा

माघ-१५ , काठमाण्डौ



राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो ६४ औं नयाँ शाखा कार्यालय पेप्सीकोलामा सञ्चालनमा ल्याएको छ । माघ-१५ गते शाखा कार्यालय कागेश्वरी मनोहरा नगरपालिका नगर प्रमुख कृष्णहरी थापा र बैंकका अध्यक्ष के.वी. उप्रेतीकोले संयुक्त रूपमा शाखा कार्यालयको उदघाटन गर्नुभएको थियो । शाखा कार्यालयको उदघाटन पश्चात बैंकका अध्यक्ष के.वी. उप्रेतीको अध्यक्षतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । बैंकका संचालक केदार मानन्धरको स्वागत मन्तव्य रहेको सो अन्तर्क्रिया कार्यक्रममा कागेश्वरी मनोहरा नगरपालिका नगर प्रमुख कृष्णहरी थापाको प्रमुख आतिथ्यता रहेको

थियो । सो कार्यक्रममा अतिथिको रूपमा बैंकका निवर्तमान अध्यक्ष रमेश पोखरेल, संचालक हरिहरनाथ योगी, केदार मानन्धर, ध्रुव नारायण यादव, माधवलाल देवकोटा, विश्वनाथ मण्डल, शिवा थापा तथा लेखा समिति सदस्य तारा गुरुंग, जिल्ला सहकारी संघ, काठमाण्डौका उपाध्यक्ष खेमराज सुबेदी, जिल्ला सहकारी संघ, काठमाण्डौका सचिव बालकुमार बास्तोला, बैंकका नवनियुक्त नायव महाप्रबन्धक किशोर प्रसाद बिमली, सहायक महाप्रबन्धक राजेश श्रेष्ठ तथा विभिन्न विभागीय प्रमुखहरुको आसन ग्रहण रहेको थियो ।

बैंकका संचालक ज्ञान बहादुर तमांगको संचालनमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको सो अन्तरक्रिया कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकले ईतिहास, बैंकको वित्तीय अवस्था, बैंकका सेवाहरु सम्बन्धमा सबिस्तार प्रस्तुतिकरण प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा बैंकका नवनियुक्त नायव महाप्रबन्धक किशोर प्रसाद बिमली र सहायक महाप्रबन्धक राजेश श्रेष्ठले आफ्नो परिचयात्मक मन्तव्य समेत दिनु भएको थियो । अन्तर्क्रिया कार्यक्रममा बैंक तथा बैंकको शाखा सम्बन्धी उठेको विषयहरुलाई बैंकका संचालक ज्ञान बहादुर तमांगले सरलीकरण गर्नु भएको थियो । कार्यक्रममा आफ्नो मन्तब्य राख्दै कागेश्वरी मनोहरा नगरपालिका नगर प्रमुख कृष्णहरी थापाले कागेश्वरी मनोहरा नगरपालिकामा आएको बैंकको शाखालाई सहयोग गर्ने कुरामा बैंकलाई आश्वस्त पार्दै नगरपालिकामा सहकारी फाँटमा कार्यरत कर्मचारीहरुलाई पनी लक्षित गरी बैंकले सहकारी सम्बन्धी तालीमहरु आयोजना गर्न अनुरोध रहेको बताउनु भयो । त्यसैगरी बैंकका अध्यक्ष के.वी. उप्रेतीले कार्यक्रमको समापन गर्दै सहकारी क्षेत्रको एक मात्र बैंक सहकारी क्षेत्रमै समर्पित रहेको साथै सहकारी बैंक सहकारी सहकारीमा पुग्ने जानकारी दिनुभयो । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको बैंकमा हाल १२ हजार भन्दा बढी सहकारी संघ संस्था सदस्य रहेका छन ।

# कलैया शाखा कार्यालय संचालनमा

माघ २१, बारा




राष्ट्रिय सहकारी बैंक लिमिटेडले बाराको कलैयामा शाखा सञ्चालनमा ल्याएको छ । शाखाको प्रदेश नं. २ भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय शैलेन्द्र प्रसाद साहले उद्घाटन गर्नु भएको छ । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको बैंकमा हाल १२ हजार ६ सय १२ सहकारी संघ संस्था सदस्य रहेका छन ।

# टाँडी शाखा कार्यालय संचालनमा

माघ २२, चितवन



राष्ट्रिय सहकारी बैंक लिमिटेडले चितवनको टाँडीमा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । शाखाको बाग्मती प्रदेश भुमि व्यवस्था, कृषि तथा सहकारी सचिव डा.मतिना जोशी बैद्यले उद्घाटन गर्नु भएको हो । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको बैंकमा हाल १२ हजार ६ सय १२ सहकारी संघ संस्था सदस्य रहेका छन ।

# तिलोत्तमामा शाखा कार्यालय संचालनमा

माघ २८, रुपन्देही



राष्ट्रिय सहकारी बैंक लिमिटेडले रुपन्देहीको तिलोत्तमामा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ । शाखाको तिलोत्तमा नगरपालिका मेयर बासुदेव घिमिरे र सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले संयुक्त रुपमा उद्घाटन गर्नु भएको हो, नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको बैंकमा हाल १२ हजार ६ सय १२ सहकारी संघ संस्था सदस्य रहेका छन ।

# पुतलीबजार शाखा कार्यालय संचालनमा

माघ २९, स्याङ्जा



राष्ट्रिय सहकारी बैंक लिमिटेडले स्याङ्जाको पुतलीबजारमा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ। शाखाको सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले उद्घाटन गर्नु भएको हो । नेपाल राष्ट्र बैंकले थप २४ वटा शाखा सञ्चालनको अनुमति दिएपछि बैंकले शाखा विस्तारलाई तिब्र बनाएको बैंकमा हाल १२ हजार ६ सय १२ सहकारी संघ संस्था सदस्य रहेका छन ।




National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५०० मा बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop Email: ncbl@ncbl.coop
NEDAC
टोल फ्री नं १६६००१०२९९९